स्थानीय राजपत्र

वेलका नगरपालिकाद्वारा प्रकाशित

सहकारी संस्था खारेजी तथा लिक्वीडेसन सम्बन्धी मापदण्ड २०८३

कार्यपालिकाबाट पारित भएको मितिः२०८३/०३/१९

<u>प्रकाशक</u>

स्थानीय सरकार

वेलका नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

रामपुर

उदयपुर जिल्ला, कोशी प्रदेश, नेपाल

बेलका नगरपालिका रामपुर उदयपुरको

सहकारी संस्था खारेजी तथा लिक्वीडेशन सम्बन्धी मापदण्ड,२०८३ को

विषय सूची

सि.नं.	विषय	पेज नं.
१	प्रस्तावना	१
	परिच्छेद-१ (प्रारम्भिक)	
२	संषीप्त नाम र प्रारम्भ	१
३	परिभाषा	१
	परिच्छेद-२ (लिक्वीडेटरको आधार र नियुक्ति)	
४	लिक्वीडेशनको आधार	३
५	लिक्वीडेटरको नियुक्ति	३
६	लिक्वीडेटरको योग्यता	३
७	लिक्वीडेटरको भूमिका र दायित्व	४
८	लिक्वीडेटरको अधिकार	४
९	लिक्वीडेसन प्रकृया	४
१०	चरण-१ निर्णय र स्वीकृति	४
११	चरण-२ सार्वजनिक सूचना	५
१२	चरण-३ सम्पति र दायित्वको मूल्याङ्कन	५
१३	चरण-४ दावी स्वीकार र भुक्तानी	५
१४	चरण-५ अन्तिम खाता र वितरण तथा लिक्वीडेसन खाता	५
१५	चरण-६ रजिष्ट्रेशन रद्द	६
१६	सावधानी र महत्वपुर्ण बुँदाहरु	६
१७	लिक्वीडेटरको प्रतिवेदन प्रणाली	७
१८	प्रगति विवरण	७
१९	प्रतिवेदनको अन्तिम प्रकृया	७
२०	लिक्वीडेटर नियुक्तिमा निगरानी	७
२१	लिक्वीडेसन प्रकृयाको अनुमोदन र स्वीकृती	८
२२	विवाद सामाधान र कानूनी कारवाही	८

२३ आदेश दिने र आदेश लिने... ८
२४ लिक्वीडेटरको अधिकारको श्रोत.. ८
२५ लिक्वीडेटर र नियामक निकायविच वित्तिय सम्वन्ध... ८
२६ पूँजि तथा दायित्व र सम्पति तथा जायदात.. ९

परिच्छेद-३ (विविध)

२७ विविध १०
२८ खारेजी र वचाउ.. १०

अनुसूचीहरु (१ देखि २ सम्म)

२९ अनुसूची-१ .... ११
३० अनुसूची-२ .... १२

सहकारी संस्था खारेजी तथा लिक्वीडेसन सम्बन्धी मापदण्ड २०८३

कार्यपालिकाबाट स्वीकृत मिति २०८३/०३/१९

प्रस्तावना: प्रचलित सहकारी सम्बन्धी कानुन र सहकारीको अन्तर्राष्ट्रिय मूल्य,मान्यता र सिद्धान्तहरुको अनुसरण गर्दै सहकारी संस्थाले गर्ने कारोबारको नियमन कार्य प्रभावकारी बनाउन र सहकारी संस्थाहरुको सम्पूर्णबन्दी (Liquidation) गर्ने प्रक्रिया, आवश्यक मापदण्ड, आवश्यक कागजात तथा जिम्मेवार निकायहरुको दायित्व समेत सम्पूर्णबन्दी भन्नाले संस्थाको व्यवसायिक गतिविधि बन्द गरी यसको सम्पत्तिको हिसाब किताब गर्दै कर्जा लिनदिन बाँकी रहेको सम्पत्तिलाई सदस्यहरूमा वितरण गरी संस्थाको अस्तित्व समाप्त गर्ने/गराउन र व्यवस्थित गर्न वाञ्छनीय भएकोले बेलका नगरपालिकाको सहकारी ऐन, २०७५ को दफा १०१ ले दिएको अधिकार प्रयोग गरी बेलका नगरपालिका नगर कार्यपालिकाको कार्यालय रामपुर उदयपुरले यो मापदण्ड तर्जुमा गरेको छ।

परिच्छेद-१
प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भः

(१) यस मापदण्डको नाम "सहकारी संस्था खारेजी तथा लिक्वीडेसन सम्बन्धी मापदण्ड २०८३" रहेको छ।

(२) यो मापदण्ड बेलका नगरपालिकाको कार्यपालिकाबाट स्वीकृत भएपछि लागु हुनेछ ।

२. परिभाषा: विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस मापदण्डमा,

"लिक्वीडेटर" भन्नाले सहकारी संस्था खारेज भईसकेपछि वा खारेजीको पूर्व तयारी स्वरूप संघीय सहकारी ऐन २०७४ को दफा ८९ बमोजिम रजिष्ट्रारबाट नियुक्ति प्राप्त व्यक्ति वा अधिकारीलाई जनाउनेछ ।

(क) "ऐन" भन्नाले बेलका नगरपालिकाको सहकारी ऐन, २०७५ लाई सम्झनु पर्छ ।

(ख) "कार्यक्षेत्र" भन्नाले सहकारी संस्था वा संघलाई कारोबार गर्न तोकिएको भौगोलिक क्षेत्र वा निर्दिष्ट स्थानलाई जनाउनेछ ।

(ग) "नियमावली" भन्नाले बेलका नगरपालिकाको सहकारी नियमावलीलाई सम्झनु पर्छ ।

(घ) "बचत "भन्नाले ब्याज दिने गरी सहकारी संस्था वा संघमा सदस्यहरुले नियमित वा आवधिक वा ऐच्छिक रुपमा सदस्यका नाममा जम्मा गरेको बचत रकमलाई जनाउनेछ । यस शब्दले सदस्यहरुका नाबालिक बालबालिकाको नाममा नियमित जम्मा हुने बचत रकमलाई समेतलाई जनाउनेछ ।

(ङ) "प्राथमिक पूँजी कोष" भन्नाले संस्था/संघको शेयर पूँजी र जगेडा कोष रकमलाई जनाउनेछ ।

(च) "पूँजी कोष" भन्नाले सहकारी संस्था वा संघको प्राथमिक पुँजी र पूरक पुँजीको योग सम्झनु पर्छ र सो शब्दले कार्यालयले समय समयमा पूँजी कोष भनी तोकेको अन्य कोष समेतलाई जनाउनेछ ।

(छ) "पूरक पूँजी कोष" भन्नाले संस्था/संघको अन्य कोष मध्ये सहकारी विकास कोष, घाटा पूर्ति कोष, ऋण नोक्सानी व्यवस्था कोष, स्थीरिकरण कोष तथा बाँडफाँड नगरेको मुनाफालाई जनाउनेछ ।

(ज) "मन्त्रालय" भन्नाले सम्बन्धित संघीय र प्रादेशिक मन्त्रालयलाई बुझाउनेछ ।

(झ) "मापदण्ड" भन्नाले सहकारी संस्था संचालन, लेखापरीक्षणतथा अनुगमन सम्बन्धी मापदण्ड, २०८० र सहकारी संस्था खारेजी तथा लिक्वीडेसन सम्बन्धी मापदण्ड,२०८३ लाई जनाउनेछ ।

अशोक कार्की
नगर प्रमुख

सहकारी संस्था खारेजी तथा लिक्वीडेसन सम्बन्धी मापदण्ड २०८३

कार्यपालिकावाट स्वीकृत मितिः २०८३/०३/१९

प्रस्तावनाः प्रचलित सहकारी सम्बन्धी कानून र सहकारीको अन्तर्राष्ट्रिय मूल्य,मान्यता र सिद्धान्तहरुको अनुसरण गर्दै सहकारी संस्थाले गर्ने कारोवारको नियमन कार्य प्रभावकारी बनाउन र सहकारी संस्थाहरुको सम्पूर्णबन्दी (Liquidation) गर्ने प्रक्रिया, आवश्यक मापदण्ड, आवश्यक कागजात तथा जिम्मेवार निकायहरूको दायित्व समेटि सम्पूर्णबन्दी भन्नाले संस्थाको व्यवसायिक गतिविधि बन्द गरी यसको सम्पत्तिको हिसाब किताब गर्दै कर्जा तिरेपछि बाँकी रहेको सम्पत्तिलाई सदस्यहरूमा वितरण गरी संस्थाको अस्तित्व समाप्त गर्न/गराउन र व्यवस्थितगर्न वाञ्छनीय भएकोले बेलका नगरपालिकाको सहकारी ऐन, २०७५ को दफा १०१ ले दिएको अधिकार प्रयोग गरी बेलका नगरपालिका नगर कार्यपालिकाको कार्यालय रामपुर उदयपुरले यो मापदण्ड तर्जुमा गरेको छ।

परिच्छेद-१
प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भः

(१) यस मापदण्डको नाम "सहकारी संस्था खारेजी तथा लिक्वीडेसन सम्बन्धी मापदण्ड २०८३" रहेको छ।

(२) यो मापदण्ड बेलका नगरपालिकाको कार्यपालिकाबाट स्वीकृत भएपछि लागु हुनेछ ।

२. परिभाषाः विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस मापदण्डमा,

"लिक्वीडेटर" भन्नाले सहकारी संस्था खारेज भईसकेपछि वा खारेजीको पूर्व तयारी स्वरुप सङ्घीय सहकारी ऐन २०७४ को दफा ८९ वमोजिम रजिष्ट्रारबाट नियुक्ति प्राप्त व्यक्ति वा अधिकारीलाई जनाउनेछ ।

(क) "ऐन" भन्नाले बेलका नगरपालिकाको सहकारी ऐन, २०७५ लाई सम्झनु पर्छ ।

(ख) "कार्यक्षेत्र" भन्नाले सहकारी संस्था वा संघलाई कारोवार गर्न तोकिएको भौगोलिक क्षेत्र वा निर्दिष्ट स्थानलाई जनाउनेछ ।

(ग) "नियमावली" भन्नाले बेलका नगरपालिकाको सहकारी नियमावलीलाई सम्झनु पर्छ ।

(घ) "बचत "भन्नाले व्याज दिने गरी सहकारी संस्था वा संघमा सदस्यहरुले नियमित वा आवधिक वा ऐच्छिक रुपमा सदस्यका नाममा जम्मा गरेको बचत रकमलाई जनाउनेछ । यस शब्दले सदस्यहरुका नावालिक बालबालिकाको नाममा नियमित जम्मा हुने बचत रकमलाई समेतलाई जनाउनेछ ।

(ङ) "प्राथमिक पूँजी कोष" भन्नाले संस्था/संघको शेयर पूँजी र जगेडा कोष रकमलाई जनाउनेछ ।

(च) "पुँजी कोष" भन्नाले सहकारी संस्था वा संघको प्राथमिक पुँजी र पूरक पुँजीको योग सम्झनु पर्छ र सो शब्दले कार्यालयले समय समयमा पूँजी कोष भनी तोकेको अन्य कोष समेतलाई जनाउनेछ ।

(छ) "पूरक पूँजी कोष" भन्नाले संस्था/संघको अन्य कोष मध्ये सहकारी विकास कोष, घाटा पूर्ति कोष, ऋण नोक्सानी व्यवस्था कोष, स्थीरिकरण कोष तथा वाँडफाँड नगरेको मुनाफालाई जनाउनेछ ।

(ज) "मन्त्रालय" भन्नाले संमवन्धित संघीय र प्रादेशिक मन्त्रालयलाई वुझाउनेछ ।

(झ) "मापदण्ड" भन्नाले सहकारी संस्था संचालन, लेखापरीक्षणतथा अनुगमन सम्बन्धी मापदण्ड, २०८० र सहकारी संस्था खारेजी तथा लिक्वीडेसन सम्बन्धी मापदण्ड,२०८३ लाई जनाउनेछ ।

(ञ) "रजिष्ट्रार" भन्नाले रजिष्ट्रारको पदमा कार्य गर्न तोकिएको कर्मचारीलाई सम्झनु पर्छ।

(ट) "विनियम" भन्नाले सम्वन्धित सहकारी संस्था वा संघको विनियमलाई जनाउनेछ।

(ठ) "शेयर पुँजी" भन्नाले सहकारी संस्था वा संघको चुक्ता शेयर पूँजीलाई जनाउनेछ।

(ड) "संघ" भन्नाले सहकारी संस्थाहरुको छाता संगठनहरु जिल्ला विषयगत सहकारी संघहरु, जिल्ला सहकारी संघहरु, प्रदेश विषयगतसहकारी संघहरु, प्रदेश सहकारी संघ ,राष्ट्रिय सहकारी संघ तथा विशिष्टीकृत सहकारी संघ समेतलाई जनाउनेछ।

(ढ) "संस्था" भन्नाले प्रारम्भिक वा कायम रहेको सहकारी संस्थालाई जनाउनेछ ।

(ण) "सदस्य" भन्नाले सहकारी संस्था वा संघको विनियम बमोजिम शेयर खरीद गरी सदस्यता प्राप्त गरेको प्राकृतिक र कानूनी व्यक्तिलाई जनाउनेछ ।

(त) "समिति" भन्नाले सहकारी संस्था वा संघको संचालक समितिलाई जनाउनेछ।

(थ) "साधारण सभा" भन्नाले सहकारी संस्था वा संघको नियमित वार्षिक साधारण सभा तथा नियमानुसार बस्ने विशेष साधारण सभा समेतलाई जनाउनेछ।

(द) "व्यावसायिक इकाई" भन्नाले सहकारी संस्थाहरु एक आपसमा मिली कुनै सामूहिक उद्देश्यका लागि गठित प्रारम्भिक सहकारी संस्थाहरुको व्यावसायिक इकाईलाई जनाउनेछ ।

(ध) "कार्यविधि/मापदण्ड" भन्नाले सहकारी संस्थाको कार्यविधि वा यस भन्दा पहिले प्रयोगमा ल्याइएको मापदण्ड अथवा नीतिलाई समेत जनाउनेछ ।

(न) "एकाघर परिवार" भन्नाले छुट्टी भिन्न नभै एक घर परिवारमा बसेका बाबुआमा,छोराछोरी, दाजुभाई, दिदीवहिनी, पतिपत्नि, छोरावुहारी, धर्मपुत्र, धर्मपुत्रीलाई जनाउनेछ। सो शब्दले सदस्यले पालन पोषण गर्नुपर्ने वा नीजमा आश्रित व्यक्ति समेतलाई जनाउनेछ ।

(प) "निक्षेप" भन्नाले व्याज दिने गरी वा नदिने गरी सहकारी संस्थाका सदस्यले नियमित वा आवधिक वा ऐच्छिक रुपमा सदस्यका नाममा जम्मा गरेको बचत रकमलाई जनाउनेछ। यस शब्दले सदस्यका नावालक बालबालिकाको नाममा नियमित जम्मा हुने बचत रकमलाई समेत जनाउँछ ।

(फ) "लक्षित समुदाय" भन्नाले मानव विकास सुचाङ्कमा पछि रहेका महिला, दलित, मुस्लिम , जनजाति, शारीरिकरुपमा कम सक्षम, भूमिहिन किसान, सुकुम्बासी,मजदुर, दुर्गम क्षेत्रका बासिन्दाहरु र गरीबीको रेखामुनि रहेका अन्य समुदायलाई समेत जनाउँछ ।

(ब) "कार्यालय" भन्नाले बेलका नगरपालिका नगर कार्यपालिकाको कार्यालयलाई जनाउने छ ।

(भ) "कार्यपालिका" भन्नाले बेलका नगरपालिकाको कार्यपालिका सदस्यको समुहलाई जनाउनेछ ।

(म) "नगरसभा" भन्नाले बेलका नगरपालिकाको हिउदे र वर्षे नगरसभाको वैठकलाई जनाउनेछ ।

(य) "आर्थिक ऐन" भन्नाले व्यवसायिक वा विभिन्न कारोवारका लागि स्थानिय क्षेत्राधिकार भित्र पर्ने गरी राजश्व संकलनका लागि बेलका नगरपालिकाले तयार पारेको ऐनलाई वुझाउनेछ ।

(र) "ऋणी"भन्नाले कुनै व्यक्ति वा समुहले, संस्थावाट पछि केहि अंश धन थपि निश्चित अवधि भित्रमा उदेश्य पुरा गरि फिर्ता गर्ने गरि नगद लिने व्यक्ति वा समुहलाई वुझाउने छ ।

परिच्छेद-२
लिक्वीडेटरको आधार र नियुक्ति

१. लिक्वीडेशनको आधार (Grounds for Liquidation)

सहकारी संस्था निम्न आधारमा लिक्वीडेसनमा जान सक्ने व्यवस्था गरिनेछ.

क. सदस्यहरूको स्वेच्छिक निर्णय (Voluntary Wind-up):

१. साधारण सभा वा विशेष साधारण सभाको गणपुरक बहुमतले संस्था सम्पूर्णबन्दी गर्ने निर्णय गरेमा।

२. संस्थाले आफ्नो उद्देश्य पूरा गरेको वा संस्था चलाउँदा हुने फाइदाभन्दा हुने नोक्सानी बढी देखिएमा ।

ख. न्यायालय वा नियामक निकायको आदेश (Compulsory Wind-up by Order):

१. सहकारी ऐन, २०७४ को व्यवस्था उल्लंघन गरेको भएमा।

२. संस्था दिवालिया (Insolvent) भएको अवस्थामा, अर्थात् आफ्नो कर्जा तिर्न नसक्ने अवस्था भएमा।

३. संस्थाको कार्यक्षेत्र भित्र नै गैरकानूनी कार्य गरेको पाइएमा।

४. संस्थाको रजिष्ट्रेसन रद्द भएको अवस्थामा।

५. सहकारी समस्या सामाधान समिति (Cooperative Fault Rectification Committee) ले सम्पूर्णबन्दीको सिफारिस गरेको खण्डमा।

६. न्यायालयले आवश्यक देखेको अवस्थामा।

७. नियामक निकायले आवश्यक देखेमा वा सहकारी ऐन २०७४ को दफा ८१ वमोजिम उपयुक्त भएमा

२. लिक्वीडेटर (सम्पूर्णबन्दी प्रबन्धक) को नियुक्ति (Appointment of Liquidator)

क. नियुक्तिको आधारः

१. संस्थाको स्वेच्छिक सम्पूर्णबन्दीको अवस्थामा, साधारण सभाले रजिष्ट्रारलाई लिखित रूपमा जानकारी दिएपछि रजिष्ट्रारले लिक्वीडेटर नियुक्त गर्छ।

२. बाध्यतामूलक सम्पूर्णबन्दी (जस्तै, रजिष्ट्रेसन रद्द भएमा, अदालतको आदेश भएमा, आदि) को अवस्थामा, रजिष्ट्रार कार्यालयले सिधै लिक्वीडेटर नियुक्त गर्नेछ ।

सूचनाः लिक्वीडेटर नियुक्त भएको खबर संस्थालाई र आवश्यक भएमा सार्वजनिक रूपमा दिइनुपर्नेछ ।

ख. लिक्वीडेटरको योग्यताः

१. रजिष्ट्रारले लिक्वीडेटर नियुक्त गर्दा आफुमातहतका अधिकृतस्तरको कर्मचारीलाई ४० लाख भन्दा कम कारोवार भएको संस्थाको लिक्वीडेशन कार्यका लागि लिक्वीडेटरका रुपमा नियुक्त गर्न सक्नेछ ।४० लाख भन्दा माथि कारोवार गर्ने सहकारी संस्थाको हकमा नेपाल चार्टड एकाउण्टेण्ट संस्थाले लेखापरीक्षण गर्न योग्य ठहर्याएको श्रेणी/वर्गको लेखापरीक्षक मार्फत गर्नु/गराउनु पर्नेछ ।

तर, आवश्यकता अनुसार, रजिष्ट्रारले **कुनै व्यक्ति, फर्म वा संस्थालाई** पनि लिक्वीडेटरको रूपमा नियुक्त गर्न सक्ने व्यवस्था छ। यस्तो व्यक्ति वा फर्म निम्न योग्यता भएको हुनुपर्छः

२. चार्टर्ड एकाउन्टेन्ट (CA) हुनुपर्छ, **वा**
३. लेखापरीक्षण (Auditing) को क्षेत्रमा **कम्तीमा तीन वर्ष**को अनुभव भएको हुनुपर्छ, **वा**
४. लिक्वीडेशन (सम्पूर्णबन्दी) सम्बन्धी कार्यको **कम्तीमा तीन वर्ष**को अनुभव भएको हुनुपर्छ वा
५. सहकारी सम्बन्धी प्रशिक्षक प्रशिक्षण तालिम लिई लेखा विषयमा स्नातक गरेको व्यक्ति वा
६. कानुन वा वित्त क्षेत्रमा पर्याप्त ज्ञान भएको व्यक्ति वा
७. संस्थाको सदस्य नभएको व्यक्ति (निष्पक्षताको लागि)

माथि उल्लेखित १,२,३,४,५ र ६ मध्ये कुनै एक भएमा लिक्वीडेटरको नियुक्तिका लागि आधार लिन सकिने छ तर वुँदा नं. ६ वमोजिम मात्र भएको व्यक्ति स्वीकार्य हुनेछैन् तर उल्लेखित क्षेत्र संगै सहकारी नियमन क्षेत्र संग सम्वन्धित रही पूर्व कर्मचारी भएको भएमा यसले योग्यतामा प्रभाव पारेको मानिनेछैन्।

ग. लिक्वीडेटरको भूमिका र दायित्वः

१.संस्थाको सबै सम्पत्ति, दायित्व (कर्जा), र लेनदेनको हिसाब किताब गर्ने।
२. संस्थाको सबै सम्पत्तिको हेरचाह, संरक्षण र मूल्यांकन गर्ने।
३. संस्थाका लगानीहरू, शेयरहरू, जग्गाजमिनको मूल्यांकन गर्ने।
४. संस्थाका सम्पूर्ण ऋणधारक (Creditors) लाई सूचना दिएर उनीहरूको दावी स्वीकार गर्ने।
५. ऋणधारकहरूलाई भुक्तानी गर्ने।
६. बाँकी रहेको सम्पत्तिलाई सदस्यहरूको शेयर अनुसार वितरण गर्ने।
७. लिक्वीडेशन प्रगति विवरण (Progress Report) सम्बन्धित निकायलाई पेश गर्ने।
८. अन्तिम लिक्वीडेशन खाता (Final Liquidation Account) तयार गर्ने।
९. अन्य काम कर्तव्य र अधिकार सहकारी ऐन २०७४ ऐ.नियमावली २०७५ ले तोके वमोजिम हुनेछ ।

३. अधिकार (Rights):

१. संस्थाको **सबै कागजात, खाताहरू, रेकर्डहरू** माग गर्ने र जाँच गर्ने अधिकार।
२. संस्थाको **सम्पत्ति आवश्यक भएमा बिक्री गर्ने** अधिकार (कर्जा तिर्न वा वितरण गर्नको लागि)।
३. संस्थाको **हित रक्षा**को लागि **आवश्यक कानुनी कदम** चाल्ने अधिकार (जस्तै, दिवालिया घोषण गर्ने, वा अन्य मुद्दा दायर गर्ने)।
४. आफ्नो सेवाको लागि **निर्धारण भएको फी वा पारिश्रमिक** लिने अधिकार।
५. लिक्वीडेशन सम्बन्धी **आवश्यक खर्च** गर्ने अधिकार।

४. लिक्वीडेशन प्रक्रिया (Step-by-Step Liquidation Procedure)

चरण १: निर्णय र स्वीकृति (Decision and Approval)

१. साधारण सभाबाट सम्पूर्णबन्दीको निर्णय (स्वेच्छिक अवस्थामा)।

२. न्यायालय वा नियामक निकायबाट सम्पूर्णबन्दीको आदेश (बाध्यतामूलक अवस्थामा) लिक्वीडेटरको नियुक्ति।

चरण २ः सार्वजनिक सूचना (Public Notice)

१. लिक्वीडेटरले एक वा बढी राष्ट्रिय दैनिक समाचारपत्रमार्फत ३५ दिनको सूचना प्रकाशित गर्ने, जसमा संस्थाको सम्पूर्णबन्दीको सूचना, ऋणधारकहरूलाई आफ्नो दावी दर्ता गर्ने म्याद, र सम्पत्ति किनमेल गर्ने इच्छुक व्यक्तिहरूको लागि सूचना प्रकाशन गरेको हुनुपर्ने ।

तर नियामक निकायको तर्फवाट ३५ दिने सूचना जारी गरिएको अवस्थामा सूचना प्रकाशन गर्न वाध्यकारी हुनेछैन् ।

चरण ३ः सम्पत्ति र दायित्वको मूल्यांकन (Valuation of Assets and Liabilities)

१. संस्थाको सबै चल-अचल सम्पत्तिको मूल्यांकन गर्ने।
२. सबै बैंक खाताहरू, नगदी, लगानी, इन्भेन्टरी आदिको अवस्था निर्धारण गर्ने।
३. सबै ऋण, भुक्तानि गर्नुपर्ने रकम, अन्य दायित्वहरूको सूची बनाउने।

चरण ४ः दावी स्वीकार र भुक्तानी (Claim Acceptance and Settlement)

१. ऋणधारकहरूले दर्ता गरेका दावीहरूको जाँच गर्ने।
२. **भुक्तानीको प्राथमिकता क्रम (Order of Priority for Payment):**
   क. लिक्वीडेशनको लागि भएको खर्च (लिक्वीडेटरको फी, कानुनी खर्च आदि)।
   ख. संस्थाका कर्मचारीहरूको तलब, भत्ता र अतिरिक्त अन्य (यदि छ भने)।
   ग. सरकारलागि तिर्नुपर्ने कर र शुल्कहरू।
   घ. secured creditors (जमानतका आधारमा ऋण दिनेहरू) ।
   ङ. unsecured creditors (जमानत नलिएको ऋण) ।
   च. सदस्यहरूलाई उनीहरूको शेयर/बचतको रकम फिर्ता।
   छ. यसपछि पनि रकम बाँकी भएमा, सदस्यहरूलाई उनीहरूको पूँजी योगदान अनुसार बाँडफाँड गर्ने।

चरण ५ः क. अन्तिम खाता र वितरण (Final Account and Distribution) तथा अन्तिम लिक्वीडेशन खाता (Final Liquidation Account):

१. लिक्वीडेटरले अन्तिम लिक्वीडेशन खाता (Final Liquidation Account) तयार गर्ने, जसमा आम्दानी, खर्च, भुक्तानी र वितरणको पूर्ण विवरण हुन्छ।
२. बाँकी रहेको सम्पत्तिको वितरण सदस्यहरूमा गर्ने।
३. लिक्वीडेशन प्रक्रिया **पूरा हुँदा** लिक्वीडेटरले **अन्तिम लिक्वीडेशन खाता** तयार गर्नुपर्छ।
४. यो खातामा निम्न कुराहरूको पूर्ण विवरण हुनुपर्छः

क. संस्थाको सुरुको वित्तीय अवस्था (सम्पत्ति र दायित्व)।
ख. लिक्वीडेशनबाट भएको **आम्दानी** (सम्पत्तिको बिक्रीबाट)।
ग. लिक्वीडेशन प्रक्रियामा भएको **खर्च** (लिक्वीडेटरको फी, कानुनी खर्च, आदि)।
घ. **ऋणधारकहरूलाई गरिएको भुक्तानी** को विवरण।
ङ. **सदस्यहरूलाई गरिएको वितरण** को विवरण।
च. लिक्वीडेशन पछि **बाँकी रहेको रकम** (यदि छ भने) को विवरण।

चरण ६ः रजिष्ट्रेसन रद्द (Cancellation of Registration)

१. लिक्वीडेशन प्रक्रिया पूरा भएपछि, लिक्वीडेटरले सम्बन्धित नियामक निकायमा अन्तिम विवरण पेश गर्ने।
२. नियामक निकायले संस्थाको रजिष्ट्रेसन रद्द गरी ७ दिने सार्वजनिक सूचना प्रकाशित गर्ने।
३. यसरी संस्थाको कानुनी अस्तित्व समाप्त हुने।

आवश्यक कागजातहरू (Required Documents)

क. सम्पूर्णबन्दीको निर्णय (सभाको माईनट) -यदि सङ्घीय सहकारी ऐनको दफा ८८(१) वमोजिम भएमा
ख. लिक्वीडेटर नियुक्ति पत्र
ग. संस्थाको मौलिक कागजातहरू (संस्थादर्ता, ऐन, नियमावली, PAN, VAT दर्ता आदि)
घ. अन्तिम लेखापरीक्षित वित्तीय विवरण
ङ. सम्पत्ति र दायित्वको विस्तृत सूची
च. लिक्वीडेशन प्रगति विवरण
छ. अन्तिम लिक्वीडेशन खाता
ज. ऋणधारकहरूको दावी र भुक्तानीको रसिदहरू
झ. रजिष्ट्रार कार्यालयमा लिक्वीडेटरले दिने अन्तिम आवेदन

५. सावधानी र महत्वपूर्ण बुँदाहरू (Precautions / Important Points)

क. **पारदर्शिताः** सम्पूर्ण प्रक्रिया पारदर्शी र निष्पक्ष हुनुपर्नेछ।
ख. **कानुनी सल्लाहः** जटिल वित्तीय अवस्थामा कानुनविज्ञ र लेखापरीक्षकको सल्लाह लिन सकिनेछ।
ग. **सूचनाको अधिकारः** सदस्यहरूले लिक्वीडेशन प्रक्रियाको बारेमा जानकारी लिन पाउने हक हुनेछ।
घ. **दायित्वः** लिक्वीडेशन पछि पनि यदि कुनै गल्ती वा कमी देखियो भने, संस्थाको पूर्व संचालक समितिका सदस्यहरू कानुनी रूपमा जवाफदार हुनेछन्।
ङ. **रजिष्ट्रार केन्द्रीय भूमिकामाः** लिक्वीडेटरको नियुक्ति, निरीक्षण र लिक्वीडेशन प्रक्रियाको अन्तिम स्वीकृति रजिष्ट्रारद्वारा हुने।

च. **योग्यतामा कडाईः** लिक्वीडेटर लेखा वा लेखापरीक्षण क्षेत्रको पेशेवर हुनुपर्छ। नियामक निकायमा रही काम गरेको पूर्व कर्मचारी वा वहालवाला कर्मचारी हुनुपर्नेछ । साधारण व्यक्तिलाई यो जिम्मेवारी दिँईनेछैन् ।

छ. **अधिकार र कर्तव्यमा सन्तुलनः** लिक्वीडेटरलाई सम्पत्ति बेच्ने र कानुनी कारबाही गर्ने जस्तो ठूलो अधिकार दिइएको छ, तर उसले आफ्ना कार्यहरूको लागि रजिष्ट्रार प्रति जवाफदेही पनि हुनुपर्छ।

ज. **पारदर्शिताः** नियमित र अन्तिम प्रतिवेदन प्रणालीले लिक्वीडेशन प्रक्रिया पारदर्शी र जवाफदेही बनाउँछ।

६.लिक्वीडेटरको प्रतिवेदन प्रणाली (Reporting System of the Liquidator)

लिक्वीडेटरले रजिष्ट्रार प्रति निम्न अनुसार प्रतिवेदन दिनुपर्छः

१. प्रगति विवरण (Progress Reports):

क. लिक्वीडेशन प्रक्रिया सुरु भएपछि, लिक्वीडेटरले **आवश्यकता अनुसार र रजिष्ट्रारले माग गरेको खण्डमा** प्रगति विवरण (Progress Report) पेश गर्नुपर्छ।

ख. यस विवरणमा सम्पत्तिको बिक्री, कर्जाको भुक्तानी, सदस्यहरूलाई भएको वितरण, र अन्य महत्वपूर्ण कार्यहरूको अद्यावधिक (update) समावेश हुनुपर्छ।

२. प्रतिवेदनको अन्तिम प्रक्रियाः

क. अन्तिम लिक्वीडेशन खाता तयार पछि, लिक्वीडेटरले यो खाता रजिष्ट्रारलाई पेश गर्नुपर्छ।

ख. रजिष्ट्रारले यो खाता हेरेर, आवश्यक भएमा सोधपुछ गरेपछि, लिक्वीडेशन प्रक्रिया पूरा भएको मान्नेछ र संस्थाको रजिष्ट्रेसन रद्द गर्नेछ।

ग. लिक्वीडेटरले आफूले गरेका सबै कार्यहरूको बारेमा नियमित रूपमा रजिष्ट्रारलाई प्रतिवेदन पेश गरि लिक्वीडेटर रजिष्ट्रार प्रति जवाफदेही हुनेछ ।

घ. रजिष्ट्रारले लिक्वीडेटरले पेश गरेको अन्तिम लिक्वीडेशन खाता हेरेर मात्र लिक्वीडेशनलाई अन्तिम रूप दिन्छ।

ङ. लिक्वीडेशन सम्बन्धी काम कार्यवाहीको अवधि वढीमा ९० दिन सम्मको हुनेछ । ९० दिन भित्रमा लिक्वीडेशनका काम कार्यवाही सकि रजिष्ट्रार समक्ष प्रतिवेदन पेश गर्नुपर्नेछ । ९० दिन सम्ममा लिक्वीडेटरको कुनै प्रतिवेदन प्राप्त नभएमा रजिष्ट्रारले लिक्वीडेटरको नियुक्ति र सम्झौता एक तर्फी रुपले भङ्ग गर्न सक्नेछ र यसरी भङ्ग भएको अवस्थामा नियुक्ति पाएको लिक्वीडेटरले कुनै पनि प्रकारका पारिश्रमिकमा दावि विरोध गर्न पाउन छैन् तर ९० दिन भित्रमा काम नसकिने मनासिव कारण सहित म्याद थपको निवेदन प्राप्त भएमा संस्थाको जटिलता हेरि वढिमा ९० दिन सम्म १ पटकका लागि रजिष्ट्रारले म्याद थप गरिदिन सक्नेछ ।

च. संस्थामा कायम रहेका चल/अचल सम्पतिको विवरण सहित प्राप्त भएका र प्रतिवेदनमा उल्लेख भएका कागजपत्रहरुको विवरण र थान गन्ति उल्लेख गरि नियामक निकायको सम्वन्धित शाखामा हस्तान्तरण गर्नु/गराउनु पर्नेछ ।

छ. लिक्वीडेटरको कामको अन्तिम मूल्यांकन रजिष्ट्रारले गर्नेछ र यसरी संस्थाको कानुनी अस्तित्व समाप्त हुनेछ।

३. लिक्वीडेटर नियुक्तिमा निगरानी (Appointment and Supervision of Liquidator)

क. **निर्देशन दिने:** लिक्वीडेटरले कुनै कानुनी वा प्रशासनिक समस्या भेट्टाएमा, रजिष्ट्रारले आवश्यक निर्देशन र मार्गदर्शन प्रदान गर्छ।

ख. **निगरानी:** लिक्वीडेटरले गरिरहेको काम ऐन र नियम अनुसार भइरहेछ कि भनेर रजिष्ट्रारले निगरानी गर्न सक्नेछ।

४. लिक्वीडेशन प्रक्रियाको अनुमोदन र स्वीकृति (Approval and Acceptance)

क. **प्रगति विवरण हेर्ने:** लिक्वीडेटरले पेश गर्ने प्रगति विवरण (Progress Report) र अन्तिम लिक्वीडेशन खाता (Final Liquidation Account) रजिष्ट्रारले हेरेर मन्जुरी दिनेछ ।

ख. **कर्जा तिराउने तथा सम्पत्ति वितरणको स्वीकृति:** लिक्वीडेटरले गरेको ऋण भुक्तानी र सम्पत्ति वितरणको कार्य कानुन अनुसार भएको छ कि भनेर रजिष्ट्रारले जाँच गर्न सक्नेछ।

ग. **अन्तिम स्वीकृति:** सम्पूर्ण लिक्वीडेशन प्रक्रिया सकिएपछि, रजिष्ट्रारले मात्र संस्थाको रजिष्ट्रेसन पूर्ण रूपमा रद्द गर्नेछ, जसद्वारा संस्थाको कानुनी अस्तित्व समाप्त भएको मानिनेछ ।

५. विवाद समाधान र कानूनी कारबाही (Dispute Resolution and Legal Action)

क. लिक्वीडेशन प्रक्रियामा सदस्य, ऋणदाता, वा अन्य पक्षहरूबीच कुनै विवाद उठेमा, रजिष्ट्रारले त्यसको समाधान गर्न मध्यस्थको भूमिका खेल्न सक्नेछ।

ख. लिक्वीडेटरले कुनै कानुनी समस्या, जस्तै सम्पत्ति कब्जा गरि नदिने, कागजात नदेखाउने आदि भेट्टाएमा, रजिष्ट्रारले आवश्यक कानुनी कारबाही गर्न सक्नेछ।

६. आदेश दिने र आदेश लिने (Command and Obedience)

क. नियामक निकायको तर्फवाट रजिष्ट्रार वा निजले तोकेको कर्मचारीले लिक्वीडेटरलाई लिक्वीडेशन सम्बन्धी विशेष निर्देशन दिन सक्छ र लिक्वीडेटरले त्यसको पालना गर्न बाध्य हुनेछ।

ख. रजिष्ट्रारले लिक्वीडेटरलाई कुनै काम गर्ने वा नगर्ने लिखित आदेश दिन सक्नेछ।

७. अधिकारको स्रोत (Source of Authority)

क. **लिक्वीडेटरले पाउने सबै कानुनी अधिकार रजिष्ट्रारको नियुक्ति पत्रबाट प्राप्त हुनेछ।** लिक्वीडेटरले संस्थाको सम्पत्ति बेच्ने, कर्जा तिर्ने, वा मुद्दा दायर गर्ने जस्ता अधिकार सीधा रजिष्ट्रारबाट प्राप्त गर्न सक्नेछ ।

ख. यदि लिक्वीडेटरले आफ्नो अधिकारको दुरुपयोग गरेमा, रजिष्ट्रारले उसलाई पदबाट हटाउने र आवश्यक कारबाही गर्ने अधिकार राख्नेछ।

ग. संङ्घीय सहकारी ऐन, २०७४ ऐ.नियमावली २०७५ तथा प्रचलनमा रहेका र आकर्षण हुने अन्य ऐन, कानून तथा कार्यविधिहरुमा तोकिए वमोजिम अन्य अधिकारहरु तोकिएको वाहेकमा स्वतः प्रत्यायोजन भएको मानिनेछ।

८. वित्तीय सम्बन्ध (Financial Relationship)

क. लिक्वीडेटरले आफ्नो सेवाको लागि लिने फी (पारिश्रमिक) को मात्रा र स्रोत रजिष्ट्रारले खारेजी हुने सहकारी संस्थाको वित्तिय विवरणका आधारमा न्युनतम रु.१००००/- वा नेपाल चार्टड एकाउण्टेण्ट संस्थाले वित्तिय कारोवारको आधारमा लेखापरीक्षण शुल्कका लागि तोकेको मापदण्ड वमोजिम कायम हुनेछ ।लिक्वीडेसन

सम्बन्धी सम्पुर्ण खर्च खारेजी हुनु पूर्व लिक्वीडेटर नियुक्त भएमा खारेजी हुने संस्थावाटै खर्च वा भुक्तानि गर्नुपर्नेछ तर खारेजी भई सकेको संस्थाको हकमा ९० दिन भित्रमा लिक्वीडेटरको नियुक्त गर्न आवश्यक देखिएमा स्थानीय सरकारको श्रोतवाट व्यहोर्नुपर्नेछ।

ख. लिक्वीडेटरले गर्ने आवश्यक खर्चहरू पनि रजिष्ट्रारको स्वीकृतिबिना गर्न पाउँदैन।

ग. वित्तिय सम्वन्धनका विषयमा निम्न वुँदाहरुमा लिक्वीडेटरले स्पस्टोक्ति सहित प्रतिवेदन वा राय पेश गर्नुपर्नेछ ।

निम्नः

१. पूँजी तथा दायित्व तर्फः

क. शेयर पूँजीः संस्थामा शेयर लगानी गर्ने सदस्यहरुको अंकित शेयर मूल्य तथा सो संग सम्वन्धित लाभांस सहितको मूल्य प्राप्ति वा फिर्ता र शेयर सदस्य संख्या

ख. जगेडा कोषः संस्थामा विद्यमान जगेडाकोषको अवस्था वा वितरण सम्बन्धी अवस्था

ग. अनुदानः प्राप्त गरेको अनुदानको प्रयोग अवस्था वा लगानी सम्बन्धी विश्लेषण

घ. संरक्षित पूँजी फिर्ता कोषः सदस्यले प्राप्त गरेको वा जगेडा कोषमा स्थानान्तरणको अवस्था

ङ. सहकारी प्रवर्द्धनकोषः सम्बन्धित मन्त्रालयमा पठाएको वा स्थानीय सरकारको संचिति/धरौटी खातामा पठाएको अभिलेख सहितको स्पष्टोक्ति

च. ऋण जोखिम कोषः जोखिम कोषमा खर्च अभिलेखिकरण भएको वा संचित रहेको भएमा स्थानीय सरकारको खातामा हस्तान्तरण भएको वा शेयर सदस्यमा वितरण भएको

छ. अन्यकोषहरुः वाँडफाँड वमोजिम कार्यसम्पादन भएको वा जगेडाकोषमा परिवर्तिन गरिएको वा सदस्यमा वाँडफाँड गरिएको

ज. वचतः सदस्यमा फिर्ता गरिएको वा लिन नआएको वाँकी रकम स्थानीय तहको संचिति/धरौटी खातामा जम्मा गरिएको ।

झ. वाह्य ऋणः भुक्तानि गरिएको वा व्याज सहित भुक्तान गरे पश्चात मात्र लिक्वीडेशनमा लगिएको स्पष्टोक्ति

ञ. भुक्तानि दिनुपर्ने र दायित्वहरुः दिर्घकालिन वा छोटो समयको दायित्वहरु भुक्तान गरि सकेको अभिलेख व्यवस्थापनको स्पष्टोक्ति

२. सम्पति तथा जायदात तर्फः

क. नगद र वैङ्कः नगद जिम्मा रहेको पदिय दायित्व भएको व्यक्तिवाट फिर्ता लिईएको र सवै वैङ्कहरुवाट नगद निस्काशन गरि सदस्यमा दायित्व फिर्ता गरिएको वा नगद संचिति रहेको भए स्थानीय तहको संचित/धरौटी खातामा जम्मा गरेको वा सदस्यमा वाँडफाँड गरिएको अभिलेखको व्यहोरा उल्लेख भएको ।

ख. वाह्य लगानीः सहकारी संस्थाले ऐनमा व्यवस्था भए वमोजिम संघ/ वा अन्य निकाय संग गरेको लगानी खुल्ने र सो लगानी फिर्ता लिई व्यवस्थापन गरेको अभिलेख ।

ग. सदस्यमा ऋण लगानीः सदस्य तर्फ भएको ऋण लगानी असुल उपर भएको वा धितोवाट सकार गरि दायित्व फरफारक गरेको अभिलेख

घ. पाउनुपर्ने वा पेश्कीः संस्थाले कोही कसैलाई कार्य सञ्चालनका लागि दिएको रकम फिर्ता प्राप्त गरेको वा धरौटी हिसाव शुन्य भएको अभिलेख व्यवस्थापन

ङ. स्थीर सम्पतिः संस्थामा रहेको स्थीर सम्पतिको वेच विखन गरि दायित्व फरफारक गरेको वा विषय मिल्ने नजिकको सहकारीलाई हस्तान्तरण गरेको भर्पाई संलग्न रहेको पुष्ट्याइ ।

च. अन्य सम्पतिः अदृश्य सफ्टवयर प्रयोग नविकरण भएका वा सोही वर्षमा खर्च भएर जाने सम्पतिहरुको अभिलेख व्यवस्थापन र मिन्हा गरिएको मुचुल्का प्रति

छ. नोक्सानः संस्थाले सोही वर्षमा नोक्सान गरेको भएमा अंकित शेयर मूल्यमा कटौति वा अन्य कोषहरुवाट सोधभर्ना गरिएको विवरण र अभिलेख

परिच्छेद-३
विविध

१.खारेजी भई जाने सहकारी संस्थाको पूँजी तथा दायित्व र सम्पति तथा जायदात शून्य अवस्थामा रहेको हुनुपर्नेछ ।

२.रजिष्ट्रारले सहकारी खारेज गर्न अन्तिम स्वीकृति दिई सकेपछि लिक्वीडेटरको काम कर्तव्य र अधिकारहरु स्वतः निलम्वन हुनेछन् ।

३. संस्थाको जोखिम मुल्याङ्कनको आधारमा लिक्वीडेटर नियुक्ति गर्दा लिक्वीडेटरको श्रेणी/वर्ग अनुरुप रजिष्ट्रारले मासिक रुपमा पारिश्रमिक पाउने गरि समेत नियुक्ति गर्न सक्नेछ ।

४. अन्यत्र जे सुकै लेखिएको भए तापनि लिक्वीडेसनमा जाने संस्थाका पदाधिकारीहरुको चल/अचल सम्पति र वैदेशिक भ्रमण रोक्काका लागि नियामक निकायले लिक्वीडेशन पूर्व नै सम्बन्धित निकायमा लेखि पठाई रोक्का राख्ने व्यवस्था मिलाउन सक्नेछ ।

५. यस मापदण्डमा कहि कतै वाधाअड्काउ भएमा रजिष्ट्रारको निर्देशन वमोजिम कार्य गर्न वाधा पुर्याएको मानिनेछैन् ।

६. यस मापदण्डलाई आवश्यकता वमोजिम बेलका नगरपालिकाको कार्यपालिकाले कुनै पनि बेलामा संसोधन वा परिमार्जन गर्न सक्नेछ ।

७. खारेजी र बचाउः

(१) यस अगावै यस मापदण्ड संग सम्वन्धित कुनै मापदण्ड प्रकाशन भएको भए खारेज गरिएको छ ।सो मापदण्ड बमोजिम भए गरेका काम कारबाहीहरु यसै मापदण्ड बमोजिम भए गरेको मानिनेछ ।

(२) यस मापदण्डमा गरिएको व्यवस्थाहरुको पालनाका लागि सहकारी संवस्थाहरुले मापदण्ड जारी भएपछि साधारण सभामा विनियम संशोधनका लागि प्रस्ताव पेश गरी पारित गराई कार्यान्वयन गर्नु/गराउनु पर्नेछ । विनियममा गरिएको व्यवस्थाहरु यस मापदण्डसँग बाझिएमा बाझिएको हद सम्म अमान्य हुनेछ ।

(३) यो मापदण्ड संघीय/प्रादेशिक ऐन, नियमावलीमा भएको व्यवस्थामा वाझिएको हद सम्म अमान्य हुनेछ ।

आज्ञाले
विनोद भट्टराई
प्रमुख प्रशासकीय अधिकृत